# साधारणसभाको बिषयसुचीमा हाम्रो असहमति किन?

अखिल नेपाल फुटबल सघको आज मिति २०८० फाल्गुण १४ गते तय गरिएको साधारणसभाको विषयसूची तय गर्न एन्फा मुख्यालयमा फाल्गुण ३ गते देखी ६ गतेसम्म केन्द्रिय कार्यसमिति बैठक सन्चालन भएको व्यहोरा अवगत नै छ। यस सम्बन्धमा विभिन्न बिषयमा घनिभुत छलफलहरु भएका थिए तर बहुमत सदस्यहरुको निर्णयमा असहमति रहेको थियो। छलफल भएता पनि निर्णयहरु भएका थिएन। यसमा महासचिव ज्यूले हाम्रो उपस्थितिको हस्ताक्षरको दुरुपयोग गरी निर्णय भएको भनि बिषयसूची पेश गर्नु भएकोमा हाम्रो गम्भिर असहमती रहेको छ।

१) बुदा न (ञ) (अ) आ.व २०७९।०८० को लेखा परिक्षण प्रतिवदेन ।

यस सम्बन्धमा कार्यसमिति छलफल भएको तर यसमा रहेका सम्पूर्ण कैफियतहरुको निराकरण नभए सम्म पास नगर्ने भनिएकोमा यसलाई सोही रुपमा पेश गरिएकोमा हाम्रो गम्भिर आपति रहेको छ।

१.१ चाईना केल्मी कम्पनि सग रु ५१,१४,८७० हजार रकम लिनु पर्ने हुदा हुदै कालोसुचीमा राख्नु पर्ने ठाउमा रु ६६ लाख रकम भुक्तानि गरिसकिएको र सो रकम मा कुनै पनि छुट नलिई किन कम्तिमा ३०% रकम सोझो भ्रष्ट्रचार गरिएको।

१.२ कुनै पनि प्रतियोगिताको आम्दानी खर्चको अनुसुची सहित सम्पूर्ण विविरण पेश नगरिएको। कार्य समितिका बहुमत सदस्यले पटक पटक माग गर्दा पनि उपलब्ध नगराईएको।

१.३ आव ७९।८० को कुनै पनि करको रकम हरु कर कार्यालयमा जम्मा नगरिएको। जम्मा TDS payable ८८ लाख भन्दा बढी रहेको र सो को १५% ब्याज र हर्जना समेत तिर्ने जिम्मेवारी कसले लिने हो?

१.४ सोभेनिएर सप, जिम हल र फिटनेस सेन्टरको सम्पुर्ण काम नसकी पैसा पुरा भुक्तानि गरिएको साथै भेरिएसनको कुनै पनि कागजात बिना थप रकम समेत भुक्तानि भएको।

१.५ आ.व ०७६।७७ देखि कर चुक्ता नभएको र कुनै कारोबार नभएको सत्य शक्ति प्रिन्ट बाट बारम्बार भुक्तानी गरिएको।

१.६ थ्रि नेशन कपको लागी राष्ट्रिय टिमलाई मनाङ होटलमा राख्ने क्रममा भोजघरको कोटशेन लिएर राखिएको।

१.७ बैक खाता हिसाब मिलान प्रत्येक महिना गर्नु पर्ने भएता पनि बार्षिक रुपमा एक पटक मात्र गर्ने गरिएको।

२) बुदा न ठ) अ) संघको आर्थिक नियमावली र आर्थिक कार्यविधि संशोधन प्रस्ताव ( तिन महले सहित)

यस सम्बन्धमा कार्य समिति बैठकमा आर्थिक समिति गठन पश्चात सो समितिले दिएको सुझावको आधारमा कार्य समितिमा छलफल गर्ने सहमति भएको तर कुनै छलफल र सहमति विना सम्पुर्ण आर्थीक अधिकार महासचिव र कोषाध्यक्षमा निहित हुने गरी पेश गरिएको जानकारी गराउदछौं। यसले अझ आर्थीक अनियमितता बढाउने हाम्रो ठहर रहेको छ। आर्थिक बिषयको नितिगत नियन्त्रण कार्यसमितिमा निहित हुनु पर्नेछ भन्ने हाम्रो ठहर रहेको छ।

धन्यवाद।

पुनश्चः एन्फाका विकृति र समस्याहरुमा साधारण सभाका सदस्यज्यूहरुले गम्भिर रुपमा लिनु हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ। हाम्रो अभियान एन्फाको सुद्ढीकरण र नेपालि फुटबलको बिकासको लागी तपाई हामी सबैले जिम्मेवारी लिनु हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ।

वरिष्ठ उपाध्यक्ष- वीर व खड्का

उपाध्यक्ष- विराट जंग शाही, दिर्घ बहादुर केसी (कुमार)

सदस्य- अनिल मल्ल,पेमा लामा,रविन्द्र चन्द,मनिश जोशी,रुपेश अधिकारी,भोजराज शाही,रमेश व्यन्जनकार